**यो आकाशवाणी हो**
**समाचार पारसमणि दंगालबाट सुन्नुहोस्**

02 April 2025

**मुख्य समाचार**

- **लोकसभामा आज वक्फ संशोधन विधेयकमाथि छलफल जारी**
- **सरकारले वक्फ बोर्डहरूलाई समावेशी र धर्मनिरपेक्ष बनाउन चाहेको श्री रिजिजुको भनाई**
- **राज्यसभामा आप्रवासन तथा विदेशी विधेयक, २०२५ –पारित**
- **देशभरि ७२८ एकलव्य मोडेल आवासीय विद्यालयहरू खोल्ने सरकारको लक्ष्य**
- **अबको डेढ वर्षभित्रमा सबै रेलवे स्टेशनहरूमा पर्याप्त संख्यामा सीसीटीभी क्यामेरा जडान गरिने**
- **युवाहरूलाई राष्ट्र प्रथमको भावनाका साथ काम गर्न डा. माण्डवीयको आह्वान**
- **43 सुटर सहित ISSF विश्वकपमा भारत सबैभन्दा ठूलो दल, अनि**
- **आइपीएल क्रिकेटमा बेङ्गलोर र गुजरातको भिडन्त हुँदै**

**समाचार विस्तारमा**

**लोकसभा-वक्फ**

लोकसभामा आज वक्फ संशोधन विधेयक, 2025 माथि छलफल भइरहेको छ। संयुक्त संसदीय समितिले यस विधेयकलाई अघिबाटै स्वीकृत गरेको हो।
संयुक्त संसदीय समितिले स्वीकृत गरेको वक्फ संशोधन विधेयक २०२५ आज लोकसभामा विचार र पारित गर्नका लागि पेश गरियो। विधेयक प्रस्तुत गर्दै केन्द्रीय अल्पसंख्यक मामिला मन्त्री श्री किरण रिजिजुले यो विधेयकको मुस्लिमहरूको धार्मिक अभ्याससँग कुनै सम्बन्ध नभएको बताउनु भयो। उहाँले भन्नुभयो, यो केवल वक्फ बोर्डहरूसँग सम्बन्धित सम्पत्तिहरूसँग सम्बन्धित रहेको छ। श्री रिजिजुले भन्नुभयो, सरकार वक्फ बोर्डहरूलाई समावेशी र धर्मनिरपेक्ष बनाउन चाहन्छ। उहाँले यो कानून मस्जिदको व्यवस्थापनको लागि नभएको पनि बताउनु भयो। श्री रिजिजुले भन्नुभयो, हालको विधेयक अनुसार, वक्फ बोर्डमा विभिन्न मुस्लिम सम्प्रदाय, महिला र गैर-मुस्लिम र अन्यको प्रतिनिधित्व हुनेछ। उहाँले विपक्षीले विधेयकको बारेमा जनतालाई भ्रमित गरेको आरोप पनि लगाउनु भयो।

यसअघि केन्द्रीय गृहमन्त्री श्री अमित शाहले संयुक्त संसदीय समितिले विस्तृत छलफल गरेपछि विधेयक ल्याइएको र मन्त्रिपरिषद्ले अनुमोदन गरेको बताउनु भएको थियो।
अल्पसंख्यक कार्य मन्त्रीले मुसलमान वक्फ (निरसन) विधेयक, 2024 पनि सदनमा प्रस्तुत गर्नुभयो। विधेयकमाथि छलफल जारी छ।

**राज्यसभा आप्रवासन विधेयक**

आप्रवासन तथा विदेशी विधेयक, २०२५ आज राज्यसभामा छलफल पछि पारित भएको छ। विधेयकलाई आज पारित गर्नका लागि राज्यसभामा प्रस्तुत गरिएको थियो। यो विधेयकले अध्यागमन कानूनलाई आधुनिकीकरण गर्ने लक्ष्य राखेको छ। यसले पासपोर्ट, यात्रा कागजात, भिसा र दर्ताको सम्बन्धमा केन्द्र सरकारलाई केही अधिकार प्रदान गर्ने व्यवस्था गरेको छ। लोकसभाले यसलाई पहिले नै पारित गरिसकेको छ।

**प्रधानमन्त्री थाइल्याण्ड भ्रमण**

प्रधानमन्त्री श्री नरेन्द्र मोदी छैटौं बिमस्टेक शिखर सम्मेलनमा भाग लिन भोलि बिहान थाइल्याण्डको दुई दिने भ्रमणमा जानु हुँदैछ। २०१९ र २०१६ पछि प्रधानमन्त्रीको यो तेस्रो थाइल्याण्ड भ्रमण हुनेछ।

भ्रमणको क्रममा, प्रधानमन्त्रीले भोलि बैंककमा थाईल्याण्डकी प्रधानमन्त्री सुश्री **पेटोङटार्न शिनावात्रा**सँग द्विपक्षीय वार्ता गर्नुहुनेछ।

**एकलव्य मोडेल स्कूल**

केन्द्रले देशभरि ७२८ एकलव्य मोडेल आवासीय विद्यालयहरू खोल्ने लक्ष्य राखेको छ, जसले अनुसूचित जनजातिका लगभग साढे तीन लाख विद्यार्थीहरूलाई लाभान्वित गर्नेछ। हालसम्म देशभरि कुल ७२१ विद्यालयहरूलाई स्वीकृति दिइएको छ। यी मध्ये ४७७ विद्यालय सञ्चालनमा छन्।

राज्यसभामा लिखित उत्तरमा, जनजाति मामिला राज्यमन्त्री श्री दुर्गादास उइकेले भन्नुभयो, एकलव्य मोडेल आवासीय विद्यालयहरू २०१८-१९ मा केन्द्रीय क्षेत्र योजनाको रूपमा सुरु गरिएको थियो जसले जनजाति बालकबालिकाहरूलाई आफ्नै वातावरणमा शिक्षित गर्दछ।
उहाँले भन्नुभयो, यस योजना अन्तर्गत सरकारले ५० प्रतिशतभन्दा बढी अनुसूचित जनजाति जनसंख्या र कम्तीमा २० हजार जनजाति मानिसहरू भएको प्रत्येक ब्लकमा एउटा एकलव्य मोडेल आवासीय विद्यालय खोल्ने निर्णय गरेको छ।

**लोकसभा – रेलवे**

रेलमन्त्री श्री अश्विनी वैष्णवले डेढ वर्षभित्रमा सबै रेलवे स्टेशनहरूमा पर्याप्त संख्यामा सीसीटीभी क्यामेरा जडान गरिने बताउनु भएको छ। प्रश्नकालमा पूरक प्रश्नहरूको उत्तर दिँदै, श्री वैष्णवले देशका विभिन्न भागहरूमा रहेका रेलवे स्टेशनहरूमा सीसीटीभी क्यामेरा जडान गर्ने काम प्रगतिमा रहेको बताउनु भयो। महिला सुरक्षाको बारेमा उहाँले भन्नुभयो, भारतीय रेलवेले महिला सुरक्षाको लागि धेरै पहल गरेको छ।

**जम्मू कश्मीर - अमित शाह**

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले सुरक्षा अवस्थाको समीक्षा गर्न यस महिनाको ७ र ८ तारिख जम्मू कश्मीरको भ्रमण गर्नु हुनेछ। उहाँले सुरक्षाकर्मीहरूसँग पनि अन्तरक्रिया गर्नुहुनेछ। आफ्नो भ्रमणको क्रममा, श्री शाहले वर्तमान कानून र व्यवस्थाको परिदृश्यको मूल्याङ्कन गर्न उच्चस्तरीय सुरक्षा समीक्षा बैठकको अध्यक्षता गर्नुहुनेछ।
बैठकमा पुलिस, केन्द्रीय सशस्त्र पुलिस बल र गुप्तचर एजेन्सीका वरिष्ठ अधिकारीहरू उपस्थित हुनेछन्। आतंकवाद विरोधी अभियान, सीमापार अनुप्रवेश प्रयास र जम्मू कश्मीरको समग्र सुरक्षा परिदृश्यमा छलफल केन्द्रित हुने अपेक्षा गरिएको छ।

मुख्यमन्त्री श्री उमर अब्दुल्लाहले जम्मू कश्मीरको भ्रमणको क्रममा श्री शाहले विभिन्न विकास परियोजनाहरूको उद्घाटन पनि गर्नु हुने बताउनु भएको छ।

**माण्डवीय-युवा संसद**

केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख माण्डवीयले देशका युवाहरूलाई राष्ट्र प्रथमको भावनाका साथ काम गर्न आह्वान गर्नुभएको छ। आज नयाँ दिल्लीमा विकसित भारत युवा संसदलाई सम्बोधन गर्दै डा. माण्डवीयले भारतलाई विकसित देश बनाउन देशका युवाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो। यस दुई दिने कार्यक्रमको विषयवस्तु - विकसित भारत रहेको छ। डा. मांडवीयले युवाहरूलाई राष्ट्रको विकासमा योगदान पुऱ्याउन आह्वान गर्नुभएको छ। उहाँले भन्नुभएको छ, यी युवाहरूलाई देशका ३०० जिल्लाबाट छनोट गरिएको छ र युवा संसदले देशको लोकतान्त्रिक प्रकृति बुझ्ने अवसर दिनेछ।

युवा मामिला तथा खेलकुद मन्त्रालयले विकसित भारत युवा संसदको आयोजना गर्दैछ। यो कार्यक्रमले युवाहरूलाई राजनीति र सार्वजनिक नीतिसँग जोड्न, शासन र राष्ट्र निर्माणमा उनीहरूको सहभागितालाई प्रवर्द्धन गर्न एक शक्तिशाली प्लेटफर्मको रूपमा काम गर्दछ।

ISSF **विश्वकप**

मनु भाकरले अर्जेन्टिनाको **ब्यूनस आयर्स**मा भोलिदेखि सुरु हुने **ISSF** विश्वकप २०२५ मा ४३ सदस्यीय भारतीय सुटिङ टीमको नेतृत्व गर्दैछन्। विश्वकपको उद्घाटन समारोह आज हुँदैछ। यस वर्षको पहिलो **ISSF** विश्वकप प्रतियोगितामा ४५ देशका ४०० भन्दा धेरै सुटरहरूले भाग लिँदैछन्।

४३ सुटरहरूको साथमा भारत प्रतियोगितामा सबैभन्दा ठूलो दल रहेको छ, त्यसपछि चीन ३९ जनाको साथमा छ भने आयोजक अर्जेन्टिना ३८ जना सुटरहरूको साथ तेस्रो ठूलो दलको रूपमा मैदानमा उत्रनेछ।

**आईपीएल**

आईपीएल टी-२० क्रिकेटमा अहिले रोयल च्यालेन्जर्स बेङ्गलोर र गुजरात टाइटन्सको खेल बेंगलुरुको एम. चिन्नास्वामी स्टेडियममा हुँदैछ।
हिजो राति लखनउमा भएको खेलमा पञ्जाब किंग्सले लखनउ सुपर जायन्ट्सलाई आठ विकेटले पराजित गरेको थियो। पञ्जाब चार अंकसहित अंक तालिकाको दोस्रो स्थानमा पुगेको छ भने लखनउ दुई अंकसहित छैटौं स्थानमा छ। यसैबीच, रोयल च्यालेन्जर्स बैंगलोर चार अंक र उच्चतम नेट रनरेटका साथ शीर्ष स्थानमा रहेको छ।

**मुख्य समाचार फेरि एकपल्ट**

- **लोकसभामा आज वक्फ संशोधन विधेयकमाथि छलफल जारी**
- **सरकारले वक्फ बोर्डहरूलाई समावेशी र धर्मनिरपेक्ष बनाउन चाहेको श्री रिजिजुको भनाई**
- **राज्यसभामा आप्रवासन तथा विदेशी विधेयक, २०२५ –पारित**
- **देशभरि ७२८ एकलव्य मोडेल आवासीय विद्यालयहरू खोल्ने सरकारको लक्ष्य**
- **अबको डेढ वर्षभित्रमा सबै रेलवे स्टेशनहरूमा पर्याप्त संख्यामा सीसीटीभी क्यामेरा जडान गरिने**
- **युवाहरूलाई राष्ट्र प्रथमको भावनाका साथ काम गर्न डा. माण्डवीयको आह्वान**
- **43 सुटर सहित** ISSF **विश्वकपमा भारत सबैभन्दा ठूलो दल, अनि**
- **आइपीएल क्रिकेटमा बेङ्गलोर र गुजरातको भिडन्त हुँदै**